बोर्डरल्याण्ड चुनावी बहस

# तातोपानी नाका सञ्चालन कहिल्यै नसुल्झने चुनावी एजेण्डा

**अनिश तिवारी**

**फेलो**, सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)

## सिन्धुपाल्चोक

माघ २०८२ - सिन्धुपाल्चोक जिल्लाको भोटेकोसी गाउँपालिका वडा २ बाट नेपाललाई चीनसंग जोड्ने तातोपानी नाकाको विषय राजनीतिक दलहरुका लागि दशकौ देखि चुनावी एजेण्डा बन्दै आएको छ । ०६४ सालको संविधान सभा निर्वाचन यता स्थानीय तहको होस या प्रतिनिधि सभाको निर्वाचन होस सीमा नाकाको विषयले दलहरुको प्रमुख एजेण्डा हुन्छ ।

जेन जी आन्दोलनपछि आगामी फागुन २१ तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सिन्धुपाल्चोक क्षेत्र नं. १ को प्रतिनिधित्व गरेर मुख्य प्रतिस्पर्धामा रहेका उम्मेदवारहरुले पनि तातोपानी नाका सञ्चालनलाई प्रमुख विषयको रुपमा उठाउन चुकेका छैनन् । नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट उम्मेद्वार बनाइएका माधव सापकोटा, नेपाली कांग्रेसका जंगबहादुर लामा, एमालेका सरेश नेपाल र रास्वपाका भरतप्रसाद पराजुली चुनावी मैदानमा छन् । प्रमुख दलका मुख्य प्रतिस्पर्धीले सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, पर्यटन प्रवद्र्धन र रोजगारीको विषयका साथै तातोपानी नाकालाई सहज बनाउने विषयलाई बिशेष प्राथमिकता दिएका छन् ।

यसअघि २०६४, ०७० र ०७४ का तीनवटै चुनावमा यस क्षेत्रबाट हाल नेपाली कम्युनिष्ट पार्टीको रुपमा स्थापित भएको नेकपा (माओवादी)का अग्निप्रसाद सापकोटा विजयी भएका थिए । सापकोटाले त्यतिबेला नै तातोपानी नाका खुलाउने र सहज बनाउने विषयलाई उनको प्रमुख चुनावी मुद्दा बनाएका थिए । ०७४ मा नेकपा माओवादी र एमाले गठबन्धनका उम्मेदवार बनेका सापकोटाले त्यतिबेला पूर्वमन्त्री मोहनबहादुर बस्नेतलाई पराजित गरेका थिए ।

कांग्रेसका बस्नेत र तत्कालिन माओवादीका सापकोटाले नाका सहज ,कोदारी राजमार्ग स्तरोन्नतिको काम सम्पन्न गर्ने वाचा गरेका थिए । यसअघि ०७९ प्रतिनिधि सभाको निर्वाचनमा उनीहरु सबै आफूले जित्नासाथ पहिलो काम नै तातोपानी नाका सधैंका लागि खोल्ने बताउँदै घरदैलो अभियानमा थिए । सभा समारोह अनि चुनावी घोषणा पत्रमा पनि यही विषय प्राथमिकतामा थियो ।

तीन वटा निर्वाचन जितेर सापकोटा पटक-पटक मन्त्री देखि सभामुखको हैसियत बनाए पनि अहिलेसम्म सीमा नाका नियमित रुपमा सञ्चालन हुन सकेको छैन । अग्नि सापकोटा पछि एक कार्यकाल प्रतिनिधी सभा सदस्य भएर सिंहदरबार छिरेका माधव सापकोटाले सिमा नाका सञ्चालनलाई सहज बनाउन सकेनन् । यसपटक फेरि उनै सापकोटाले नाका सहज बनाउने कुरालाई प्राथमिकतामा राखेका छन् ।

सीमा नाका सञ्चालन नियमित रुपमा सञ्चालन नभएका कारण मारमा परेका स्थानीयबासीहरु राजनीतिक आश्वासन देखि दिक्क भइसकेका छन् । बाढी पहिरो, भूकम्पका कारण सडक भत्किएको र चिनियाँहरुले नाकामा कडाई गर्न थालेपछि अधिकांश व्यापारी सिन्धुपाल्चोकबाट पलायन भइसकेका छन् ।

चुनावी प्रतिस्पर्धामा रहेका दलका नेताहरुले भने नाका नियमित गर्ने आश्वासन दोहोर्याउन छाडेका छैनन् । “नाका सहज बनाउन आवश्यक पहलकदमी लिइरहेका छौ, सीमा सडकका लागि काम भइरहेको छ, त्यतिखेर गरेको वाचा सबै पुरा गरेँ,” सापकोटाले भने।



चुनाव प्रचारप्रसारमा हिँडेका नेपाली काँग्रेसका उम्मेदवार जंगबहादुर लामा । तस्बिर: अनिश तिवारी

उनले ३३ महिनाको समयमा एक दर्जन रोकिएका सडक र पुलका काम अघि बढाएको दावी गरे । "नाका सहज भयो, कोदारी सडकमा ३ अर्बको ठेक्का आह्वान भएर काम भइरहेको छ, जुरेपीडितको रकम फुकुवा भयो, तेम्बाथान् जोड्ने सडकजस्ता अनेकौ महत्वपुर्ण काम भए, मेरो अघिल्ला काम र यस पटक समृद्ध सिन्धुपाल्चोक, स्मार्ट सिटीजस्ता कार्ययोजना एजेण्डामा राखेको छु," उनले भने ।

आफु सांसद हुँदा तातोपानी नाका सहज बनाउने, जुरे पहिरोपीडितको रकम फुकुवा, अलपत्र काम सम्पन्न गर्नेदेखि सबै वाचा पुरा गरेको सापकोटाले दाबी गरे ।

सापकोटाले नाका सुचारु भएको बताए पनि कांग्रेसका उम्मेद्वार जंगबहादुर लामा यस अघिका जनप्रतिनिधीले सीमा नाका सुचारु गर्न पहल नगरेको बताउँदै तातोपानी नाकाको मितेरी पुल, लार्चा, तातोपानी, कोदारी र लिपिङसम्म पुगेर आफुलाई मत मागेर फर्किएका छन् । उनले सीमा नाका सहजीकरणलाई बिशेष प्राथामिकतामा राखेको बताए । "तातोपानी नाका खुल्यो तर सर्वसाधारणका लागि कहिल्यै सहज बन्न सकेन । चीनले मनमौजी ढङ्गले नाका बन्द गरिदिँदा यँहाका व्यवसायीले अहिले सास्ती व्यहोरिरहनु परेको छ, त्यसकारण नाका अझ सहज र व्यवस्थित बनाउने जोडसहित अन्य विकासे योजना मेरो एजेन्डा हो," लामाले भने ।

एमालेको तर्फबाट प्रतिनिधी सभा सदस्यको उम्मेद्वार भएका नेता नेपाल र (रास्वपा)का पराजुलीले पनि तातोपानी नाकाको पुर्ननिर्माण र नाकामा हुने अवरोध अन्त्यलाई चुनाव जित्ने एजेण्डा बनाएका छन् ।

"तातोपानी नाका सहजसहित तेम्बाथान र पाँच पोखरीको सडक, पुनर्निर्माणमा मुद्धा खेपेकाले रोजगारी, समृद्ध जिल्ला, गुणस्तरिय सेवाको वातावरण बनाउने जस्ता मेरो नारा र एजेण्डा हुन्, सबै वैदेशिक यात्राबाट अनुभव बटुलेको छु," नेपालले भने, "अनुभवलाई व्यवहारमा कार्यान्वयन गर्छु ।"

नेपालले जस्तै रास्वपाका पराजुलीले पनि स्थानीयहरुसंगको सहकार्यमा नाकालाई सहज बनाउन चुनावी प्रतिस्पर्धामा आएको बताए । उनी माथिल्लो तहबाट विकास योजनासहित सडक, कृषि, जलस्रोत, पर्यटन र रोजगारीबारे कार्ययोजना बनाएर अघि बढेको बताउँछन् ।

२०७२ सालमा गएको विनाशकारी भूकम्पको चार वर्षपछि मालवाहक सवारी साधनका लागि खुला गरिएको तातोपानी नाका पूर्णरूपमा खुल्न सकेन ।



चुनाव प्रचारप्रसारमा हिँडेका राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार भरत प्रसाद पराजुली । तस्बिर: अनिश तिवारी



चुनाव प्रचारप्रसारमा हिंडेका नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार माधव सापकोटा । तस्बिर: अनिश तिवारी

यसअघि १५ जेठ २०७६ देखि आयात र २०७८ वैशाख १८ देखि निर्यात खुला भएको तातोपानी नाका ७२ को भूकम्पपछि आठ वर्ष पाँच महिनापछि मात्र सर्वसाधारणका लागि खुलाइएको थियो । हाल आगलागीका कारण चीनतर्फको भन्सार प्रणाली (सिस्टम) सञ्चालनमा नआएकाले नाका पूर्ण रुपमा खोल्न नसकिएको चिनियाँ पक्षले जानकारी दिएको छ ।

सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीका अनुसार केही खाली कन्टेनर चीनतर्फ जाने र दैनिक तीन देखि चार कन्टेनर सामान नेपाल भित्रिने भइरहेको भएपनि यो नाकामा नियमित निर्यात आयात भएको छैन । माघ ११ मा झाङ्मु बजारको प्रशासनिक भवनमा भएको नेपाल चीनको सम्पन्न सीमा सुरक्षा बैठक तथा छलफलमा चीनले निर्वाचनमा चासो देखाएको थियो । जसमा नेपाल–चीन सीमा जोड्ने तातोपानी नाका सहज सञ्चालन, सीमा सुरक्षा र नजिकिंदो निर्वाचनका सन्दर्भमा सहजीकरणका विषयमा छलफल भएको प्रजिअ अधिकारीले बताए ।

“छलफलमा सीमा क्षेत्रमा संयुक्त गस्ती, सीमा स्तम्भ संरक्षण, तस्करी नियन्त्रण, गैरकानुनी आवागमन रोकथाम तथा सीमा सुरक्षासम्बन्धी समन्वयलाई प्राथमिकता दिइएको थियो । साथै पर्यटन र व्यापार प्रवद्र्धन, विपद् व्यवस्थापनमा सूचना आदान–प्रदान तथा पूर्वसर्तकता प्रणालीमा सहकार्य गर्ने विषय पनि उठान गरिएको छ,” उनले भने ।

बैठकमा आयात–निर्यातका क्रममा सीमा क्षेत्रमा अवाञ्छित तथा गैरकानुनी गतिविधि हुन नदिन संयुक्त रूपमा काम गर्ने सहमति भएको छ ।

नजिकिंदो प्रतिनिधिसभाको निर्वाचनलाई ध्यानमा राख्दै सीमा क्षेत्रमा आवश्यक सहजीकरण, सुरक्षा समन्वय र आपसी सूचनाको आदान–प्रदानबारे समेत छलफल भएको प्रजिअ अधिकारीले बताए । ’नेपाल–चीन जनस्तरको सम्बन्ध सुदृढ बनाउने, सीमा सुरक्षा व्यवस्थापन, व्यापार र पर्यटन वृद्धिका विषयमा सकारात्मक छलफल भयो,’ उनले भने । हाल नाका बन्दीका कारण चीनतर्फ जानुपर्ने र नेपालतर्फ लिपिङ आउनुपर्ने झन्डै चार सय कन्टेनर सीमा क्षेत्रकै सडकमा अलपत्र परेका छन् । यसले आयातकर्ता र व्यवसायी थप समस्यामा परेका छन् ।

### सुनसान सीमा नाकामा छैन चुनावी उत्साह

प्रतिनिधि सभा निर्वाचन नजिकिँदै गर्दा सीमाका स्थानीयमा भने चुनावी उत्साह छैन् । आगलागीका कारण देखाएर नाका पूर्ण रुपमा संञ्चालनमा आउन सकेको छैन् । सीमा क्षेत्रका प्रमुख बजार क्षेत्र कोदारी, लिपिङ र तातोपानी सुनसान छन् । सीमा जोड्ने सडकको धेरथोर काम भइरहेको छ । तर स्थानीय यहाँ छैनन । अधिकांश काठमाण्डौ बस्छन् । नाका भूकम्प अघिझै खुल्ने र सहज हुने आशामा स्थानीय होटेल व्यवसायी फर्किने क्रममा छन्।



चुनाव प्रचारप्रसारमा हिँडेका नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार सरेश नेपाल । तस्बिर: अनिश तिवारी

"सबैले चुनावी एजेन्डा मात्रै बनाएका छन् तर नाका सहज बन्न सकेको देखिदैन । खासा खुल्न सकेको छैन, न निर्यात छ, खासा बजारसम्म नाका नचलेसम्म नाका बन्द भए बराबर हो । नेताले मत माग्ने मेलो गरिरहेका छन् । हामीलाई आफ्नै पीडा छ," स्थानीय पासाङ शेर्पाले भनिन् ।

हाल सीमा छुट्याउने मितेरी पुल नजिकै रहेका करिब दुई दर्जन साना पसलमा पुगेपछि मात्रै सीमावासीले घरायसी सामग्री किन्न पाउँछन् ।

सिन्धुपाल्चोकका स्थानीयलाई घरायसी खरिद प्रयोजनका लागि मात्र चिनियाँ क्षेत्रसम्म पुग्न अनुमति छ । निर्यात ठप्पप्रायः छ ।

राजधानी काठमाडौंबाट चीनको व्यापारिक क्षेत्र खासा १ सय २४ किमि र रसुवागढी १ सय ६४ किलोमिटरको दूरीमा पर्छन्। केरुङभन्दा तातोपानी नाकाबाट सिगात्से ३० किलोमिटर कम दूरीमा पर्छ। चीनको जुनसुकै बजारका या कम्पनीबाट झिकाएका सामग्री भए पनि खासाबाट तातोपानी आइपुग्न कम्तीमा १२ देखि बढीमा १५ दिन लाग्छ । नजिकैको दूरीमा रहेको छिमेकी देश चीनले तातोपानी नाकाप्रति देखाएका यी व्यवहार भने एकदमै टाढाको जस्तै रहेको शेर्पाको बुझाइ छ ।

सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतले नाका ठप्प हुँदा करोडौँ रुपैयाँ बराबरका सामग्री बोकेका कन्टेनर रोकिँदा व्यवसायी थप निराश भएको बताए । "खासा, न्यालमसहित सीमा क्षेत्रका सडकमा झन्डै चार सय कन्टेनर अलपत्र छन्," उनले भने । बाह्रबिसे–तातोपानी २६ किलोमिटर सडक खण्ड गर्मीमा धुलाम्मे र बर्खामा हिलाम्मे हुने भएकाले कन्टेनर आवतजावत थप जोखिमपूर्ण बनेको छ । मितेरी पुल भन्दा पर बाढीले क्षति पुर्याएका क्वारेन्टाइन, पार्किङस्थल, खासा जोड्ने सडक र सुरुङ पुनर्निर्माणकै क्रममा छन् । यसैबीच चीनले दैनिक ७ देखि १२ कन्टेनर मात्र छाड्न थालेपछि व्यवसायी झन् समस्यामा परेका छन् ।